# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भीमफेदी गाउँपालिका

### मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भीमफेदी गाउँपालिका

मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भीमफेदी गाउँपालिका

मकवानपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, , प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको,  उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, , लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र २९ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

बागमति लेखापरीक्षण निर्देशनालय, बबरमहल

पत्र संख्याः २०७९।८०
च.नं.५०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
भिमफेदी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ६० लाख ५९ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ८० लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ३१ लाख ३६ हजार , नियमित गर्नुपर्ने रु. १४ लाख ६६ हजार र पेश्की रू. ३४ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.८ करोड ४० लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ५४ लाख ३८ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत

आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

**भीमफेदी गाँउपालिका, मकवानपुर**

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २७ | २५ | ४६०५९ | ० | ० | ० | २७ | २५ | ४६०५९ | १८०३१ | १४६६ | २३१३६ | ० | ० | २४६०२ | ३४२५ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | प्रतिकृयाबाट कुनै पनि दफा फर्छ्यौट नभएको । | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भीमफेदी गाउँपालिका मकवानपुर | ८४०६४ | ० | ५४६८५ | २९३७९ | ० | ४६०५९ | ७५४३८ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भीमफेदी गाउँपालिका, मकवानपुर , भिमफेदी गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्र.प्र.अ श्री भीम लाल महर्जन | २०७८-८-२० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्र.प्र.अ श्री जीवन कुँवर | २०७७-४-१ | २०७८-८-२० |
| लेखा प्रमुख | लेखा अधिकृत श्री करुणा रिसाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४६,०५९,२३८.३८ |

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,०५,४४,२९९.२९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,३२,४०,००० | **चालु खर्च** | २७,७०,८३,१२१.७७ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,६७,६९,००० | **पूँजीगत खर्च** | २४,२६,०८,६४७.५३ |
| **राजश्व बाँडफाँट** | ८,७२,१३,१५७.०६ | **वित्तीय/अन्य व्यवस्था** | १२,५१,३६,६३०.५५ |
| **आन्तरिक आय** | १४,६८,५४,८३२.६३ | | |
| **अन्य आय** | १२,५४,४८,५६५.३५ | | |
| **कुल आय** | ७६,९५,२५,५५५.०४ | **कुल खर्च** | ६४,४८,२८,३९९.८५ |
| **बाँकी मौज्दात** | | १६,५२,४१,४५४.४८ | |

<table>
<tr><th>क.स.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१.</td><td></td><td></td><td>परिचयःस्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, २४५।२४ वर्ग किलो मिटर क्षेत्रफल तथा २५ हजार ५०० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td>संचित कोष स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५८,६०,७३,६७८.१६</td><td>६४,८६,२७,८७०.६९</td><td></td><td>६४,८६,२७,८७०.६९</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५८,२१,५८,३४१.००</td><td>६४,४०,७६,९८९.६९</td><td>०</td><td>६४,४०,७६,९८९.६९</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>१०,६३,३०,७५३.००</td><td>८,७२,१३,१५७.०६</td><td>०</td><td>८,७२,१३,१५७.०६</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>४१,४२,२७,३४०.००</td><td>४१,००,०९,०००.००</td><td>०</td><td>४१,००,०९,०००.००</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>३४,७४,५८,३४०.००</td><td>३४,३२,४०,०००.००</td><td>०</td><td>३४,३२,४०,०००.००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>६,६७,६९,०००.००</td><td>६,६७,६९,०००.००</td><td>०</td><td>६,६७,६९,०००.००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>६,१६,००,२४८.००</td><td>१४,६८,५४,८३२.६३</td><td>०</td><td>१४,६८,५४,८३२.६३</td></tr>
<tr><td>१५००० विविध प्राप्ति</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>३९,१५,३३७.१६</td><td>४५,५०,८८१.००</td><td></td><td>४५,५०,८८१.००</td></tr>
<tr><td>वितरण गर्न बाकी</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| राजस्व | | | | | |
| कोषहरु | | ३९,१५,३३७.१६ | ० | ० | ० |
| धरौटी | | ० | ४५,५०,८८१.०० | ० | ४५,५०,८८१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७२,१३,७३,६७७.१६ | ५२,३९,३०,७१५.५० | | ५२,३९,३०,७१५.५० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७१,७४,५८,३४०.०० | ५१,९६,९१,७६९.३० | | ५१,९६,९१,७६९.३० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,२६,९९,०००.०० | १८,०६,५८,६०९.३३ | ० | १८,०६,५८,६०९.३३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,०५,९४,०००.०० | ८,७७,४१,०७८.४४ | ० | ८,७७,४१,०७८.४४ |
| २५००० सहायता (Subsidy) | १८ | १२,००,०००.०० | ३,००,०००.०० | ० | ३,००,०००.०० |
| २६००० अनुदान | १८ | ९६,०००.०० | ९६,०००.०० | ० | ९६,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७५,१०,०००.०० | ३८,४४,८२०.०० | ० | ३८,४४,८२०.०० |
| २८००० अन्य खर्च | १८ | ५१,६६,४००.०० | ४४,४२,६१४.०० | ० | ४४,४२,६१४.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३६,०१,९२,९४०.०० | २४,२६,०८,६४७.५३ | ० | २४,२६,०८,६४७.५३ |
| घ. अन्य भूक्तानी | | ३९,१५,३३७.१६ | ४२,३८,९४६.२० | | ४२,३८,९४६.२० |
| कोषहरु | | ३९,१५,३३७.१६ | ३८,७७,४१८.०० | ० | ३८,७७,४१८.०० |
| धरौटी | | ० | १०,७९,४७७.०० | ० | १०,७९,४७७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (७,१७,९४८.८०) | | (७,१७,९४८.८०) |
| ङ. यो वर्षको बचत (न्युन) | | (१३,५२,९९,९९९.००) | १२,४६,९७,१५५.१९ | | १२,४६,९७,१५५.१९ |
| च. गतवर्षको | | | ४,०५,४४,२९९.२९ | | ४,०५,४४,२९९.२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| जिम्मेवारी रकम (अ.ल्या) | | | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१३,५२,९९,९९९.००) | १६,५२,४१,४५४.४८ | | १६,५२,४१,४५४.४८ |

३. **अन्तरसरकारी वित्तीय हस्तान्तरण** : उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तर सरकारी कारोवार समावेस नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन ।

| सि.न. | व.उ.सि.न. | शिर्षक | निकासा खर्च | पेश्की |
|---|---|---|---|---|
| १ | ३७००११६४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | ३७२३१५०९ | २२११०००० |
| २ | ३३७०००११४ | भौतिक पूर्वाधार मन्त्रालय | ४३६८४८५ | - |
| ३ | ३५०००११८४ | प्रदेश पूर्वाधार स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम | ४१२६२६९ | - |
| ४ | ३३६००१०२३ | गरिव संग विश्वेश्वर | ४६४००० | - |
| ५ | ३१४०१०१२३ | सामाजिक सुरक्षा | ७४७०७४२१।३५ | - |
| | | जम्मा | १२०८९७६८४।३५ | २२११०००० |

४. **आन्तरिक लेखापरीक्षणः** आन्तरिक लेखापरीक्षण स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५. **खर्च विश्लेषण** : पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु १४ करोड ६८ लाख ५४ हजार , राजस्व बाँडफाँडबाट रु ८ करोड ७२ लाख १३ हजार र अनुदानबाट रु ४१ करोड ९ हजार र अन्य आयबाट रु ४५ लाख ५० हजार समेत रु. ६४ करोड ८६ लाख २७ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२७ करोड ७० लाख ८३ हजार र पूँजिगत तर्फ रु. २४ करोड २६ लाख ०८ हजार खर्च भएको छ । । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.१४ करोड ६८ लाख ५४ हजार (२८.२५) प्रतिशत रहेको छ ।यसबर्ष प्रशासनिक खर्च वापत रु १८ करोड ६ लाख ५८ हजार खर्च भएको छ जुन आन्तरिक आयको २ गुणा हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३ प्रतिशत चालु र ४७ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ६. | | | **आन्तरिक नियन्त्रण प्रणाली** : आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>• विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो ।<br><br>• रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पाईयो ।<br><br>• निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन ।<br><br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br><br>• निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो । | |
| ७. | | | **कानून कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, १५ वटा नियमावली, २३कार्यविधि लगायत ४८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ८. | | | **मुद्दाको अवस्था** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट मुद्दा सम्वन्धि विवरण तयार नगरेको कारण के कति मुद्दा दायर भएको र सो मध्ये कति मुद्दा फर्छ्यौट भएको हो सो कूराको एकिन गर्न सकिनएन । | |
| ९. | | | **अवण्डा खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तर्फ कर्मचारी प्रोत्साहन भत्तामा अवण्डाराखी विभिन्न शिर्षकमा खर्च गरिएको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १०. | | | **रकमान्तर** : स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आवस्यकताको पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने साथै दफा ७९ अनुसार चालू खर्चबाट पूँजिगत शिर्षकमा बढीमा २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष आ.व. को अन्त्य तिर चालु तथा पूँजिगत शिर्षकका २ वटा योजनाको रु.१० लाख लाई रकमान्तर गरी ३७ वटा योजनाको लागी रु.३ करोड ६३ लाख रकमान्तर तथा वजेट विनियोजन भएको छ । एक पटक आवस्यकता महसुस गरी योजना तर्जुमा गरिसकेपछि आ व को अन्त्य तिर रकमान्तर गरी अन्य योजनामा बजेट विनियोजन गरी बर्षान्तमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११. | | | **समन्वय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गर्नुपर्ने व्यवस्था अनुरुप | |

पालिकाले आफ्नो बार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूजिगत | १६६९७९ | ११२०२ | ५२८२६ | १०२८५० | ६१४०१ |

१३. **क्षेत्रगत बजेटः** पालिकाको क्षेत्रगत रुपमा कुल बजेट २ अर्व ३० करोड ४० लाख ८० हजार र खर्च १ अर्व ६१ करोड ३७ लाख ६५ हजार को आधारमा समग्र रुपमा ६३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ

| सि.नं. | क्षेत्र/उप क्षेत्र | खर्च | खर्च (%) |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३२२९५७३६. | ६.२१ |
| २ | सामाजिक विकास | २३२०१७६५१.७५ | ४४.६५ |
| ३ | पूर्वाधार विकास | १७०८८५८८७.५३ | ३२.८८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०९८०६३४. | २.११ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७३५११८६०.०२ | १४.१५ |
| **कुल जम्मा** | | **५१९६९१७६९.३** | **१००.** |

उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४४।६५ प्रतिशत,पूर्वाधार विकासमा ३२।८८प्रतिशत , र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा २।११ तथा कार्यालय संचालन र प्रशासनिकमा गरी १४।१५ प्रतिशत रहेको छ । आर्थिक विकास तर्फ ६।२१ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास रसुशासन तथा

| | | | | |
|---|---|---|---|---|
| | | | अन्तरसम्वन्धित क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी सुधार गर्नुपर्दछ। | |
| १४. | | | **पेश्की :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. ३२ लाख १३ हजार र म्याद सकिएको पेश्की रु ३४ लाख २५ हजार फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु. | ३,४२५,००० |

| सि.नं | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | फछ्यौंटको अन्तिम म्याद | म्याद ननाघेको |
|---|---|---|---|---|---|---|
| ३ | ०८/०९/२०७८ | ऐतिहासिक चिसापानी गढी संरक्षण तथा पुर्वाधार निर्माण (पर्यटन मन्त्रालयसंग साझेदारी कार्यक्रम ७०:३०) | अनक–माउण्टेन–गोले जे.भी ( चिसापानी गढी निर्माण) | ० | ०२/०२/२०८० | ७१३०४५. |
| ४ | ०९/१९/२०७८ | ऐतिहासिक चिसापानी गढी संरक्षण तथा पुर्वाधार निर्माण (पर्यटन मन्त्रालयसंग साझेदारी कार्यक्रम ७०:३०) | अनक–माउण्टेन–गोले जे.भी ( चिसापानी गढी निर्माण) | ० | ०३/१५/२०८० | २५०००००. |
| ५ | ०९/२०/२०७८ | देउराली ईपा कृषि सडक भीमफेदी-८ | काष्ठमण्डप – आजिबन जे.भी. | १४२५०००. | २०७९/०२/३० | ० |
| ६ | १०/०६/२०७८ | देउराली ईपा कृषि सडक भीमफेदी-८ | काष्ठमण्डप – आजिबन जे.भी. | २००००००. | ११/१२/२०७८ | ० |
| जम्मा | | | | ३४२५००० | | ३२१३०४५ |

| | | | | |
|---|---|---|---|---|
| १५. | | | **वित्तीय विश्लेषण:** कार्यालयले पेश गरेको विवरण तथा कार्यालयको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले तयार गरेको म ले प फारम नं २७२ र मलेप फारम नं २७५ को अध्ययन गर्दा निम्नानुसार को व्यहोरा देखियो ।<br><br>• स्थानीय संचित कोष को म ले प फारम नं २७२ अनुसार संचित कोषको प्राप्ती तर्फ रु.६४ करोड ८६ लाख २७ हजार , मध्ये राजस्वबाट बाँडफाड बापत रु८ करोड ७२ लाख १३ हजार , अनुदान बापत रु ४१ करोड ९ हजार ( संघीय सरकारबाट अनुदान बापत रु ३४ करोड ३२ लाख ४० हजार प्रदेश सरकारतर्फ ६ करोड ६७ लाख ६९ हजार ) र अन्य राजस्वमा बाट १४ करोड ६८ लाख ५४ हजार प्राप्त भएकोमा अन्य प्राप्ती शिर्षकबाट रु ४५ लाख ५० हजार गरी कुल प्राप्ती रु ६४ करोड ८६ लाख २७ हजार देखाएकोमा छ । गत वर्षको जिम्मेवारी सार्ने क्रममा मलेप प्रतिवेदन २७२ | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार ४ करोड ५ लाख ४४ हजार जिम्मेवारी सारीएकोमा संचित कोषको आम्दानी प्रतिवेदनमा ३ करोड जिम्मेवारी सारिएको हुदा १ करोड ५ लाख ४४ हजार फरक परेको छ ।<br>• जिम्मेवारी फरकः- स्थानीय तहको संचितकोषमा गत विगतको बाँकी यस वर्ष प्राप्ति र खर्च भएको रकम स्पष्ट देखिनेगरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु.१५ करोड ९५ लाख ९२ हजार मौज्दात कायम देखाएकोमा पालिकाले यस वर्ष २ करोड ९५ लाख ९२ हजार संघ तथा प्रदेशमा फिर्ता पठाउन वाकी रहेको रकम आ.व. ०७८।८९ मा फिर्ता पठाई रु.१३ करोड जिम्मेवारी सारेकोमा सिस्टमको ईररको कारण म.ले.प.फा.न. २७२ मा जिम्मेवारी सारेको रकम ४ करोड ५ लाख ४४ हजार देखाएता पनि वास्तविक जिम्मेवारी सारेको रकम संचित कोषको मलेपफान १०८ द्धारा रु.१३ करोड जिम्मेवारी सारेको देखिन्छ ।<br>• त्यस्तै आ.व. ०७८।७९ को म.ले.प.फा.न. २७२ ले वर्षान्तमा रु १६ करोड ५२ लाख ४१ हजार मौज्दात देखाएकोमा चेक साट्न बाँकी र फिर्ता पठाउनुपर्ने रकम पश्चात अन्तिम मौज्दात रु. १४ करोड ७२ लाख ४३ रहेको देखिन्छ ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाव खाता तयार गरेको छैन ।<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकिए बमोजिम वित्तीय विवरणहरु तथा खाताहरु अधावधिक गरी आय तथा व्ययको वास्तविक अवस्था देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| १६. | | | **आन्तरीक आयः-** पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार पालिकाको आन्तरीक आयतर्फ रु.१६७९३१००१ आम्दानी देखाएकोमा रु.२३४०६७९८९(बाँडफाँड) समेत पेश भएकोमा परीक्षणको क्रममा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् । | |
| १७. | | | **खनिज रोयल्टीः-** पालिकामा वाडफाँड भई प्राप्त तथा खनिज सम्वन्धी रोयल्टी वापत रु.२५ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.५० लाख प्राप्त भएको वित्तीय विवरण पेश भएको छ । तर पालिकाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७(२) वमोजिम सम्वन्धित स्थानीय तहले वाडफाँड वापत प्राप्त गर्ने २५ प्रतिशत र खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम २२ बमोजिम १० प्रतिशत स्थानीय विकास शुल्क वापत सम्वन्धित खानी उद्योगले स्थानीय निकायलाई बुझाउने रकमको छुट्टा छुट्टै अभिलेख राखिनु पर्नेमा एकमुष्ट आम्दानी देखाएकोले प्राप्त रकमको अभिलेख राख्नुपर्दछ । | |

<table>
<tr>
<td>१८.</td>
<td></td>
<td></td>
<td>नदीजन्य पदार्थको राजश्व संकलनः- मिति २०७८।१२।९ को गाँउकार्यपालिकाको वैठकवाट रासीखोला,किसेडी खोला, वाग्मतीखोला, र इपा खोला वगर क्षेत्रवाट ढुङ्गा,गिट्टी,वालुवा तथा नदीजन्य पदार्थको उत्खनन् संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी कार्ययोजना वमोजिम अमानत वाट रु.१२५९१४७७ र वार्ड कार्यालय तथा कर संकलनवाट संकलित रु.४२९१०२५.१४ समेत रु.१६८८२५०२.१४ आम्दानी देखाएकोमा देखिएका थप व्यहोरा निम्नानुसार छनः- (क) प्राप्त विवरण अनुसार पालिकाले संकलन गरेको राजश्व परीमाणको आधारमा रु.१२५९१४७७ दाखिला गरेको उल्लेख गरेकोमा उक्त परीमाण एकीन गर्ने गरी अभिलेख अद्यावधीक गरेको छैन । (ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ वमोजिम वाँडफाँड गर्नुपर्ने रकम स्थानीय विभाज्य कोषमा दाखिला गर्नुमा पालिकाले नदीजन्य पदार्थवाट असुल भएको भएको रु.१६८८२५०२.१४ मध्ये रु.१२५९१४७७ विभाज्य कोषमा राखेको र वाँकी रकम रु.४२९१०२५.१४ आन्तरीक आय खातामा दाखिला गरेकोले विभाज्य कोषमा सवै रकम राखी वाग्मति प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम ४० प्रतिशतले हुने रु.६७५३००० प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने रु.</td>
<td>६,७५३,०००</td>
</tr>
<tr>
<td>१९.</td>
<td></td>
<td></td>
<td>सुरक्षित नागरीक आवास कार्यक्रमः- सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि, २०७५ को सि.न.१५ अनुसार कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन गठीत समन्वय समितिको निर्णय अनुसार देहाय बमोजिम लाभग्राही छनौट गरी पठाएकोमा देखिएका व्यहोरा निम्ननुसार छन्
<table>
<tr><th>वार्ड नं.</th><th>छनौट भएका लाभग्राही संख्या</th><th>अनुदान सम्झौता गर्ने संख्या</th><th>भुक्तानी लिने संख्या</th></tr>
<tr><td>१</td><td>१६</td><td>५</td><td>४</td></tr>
<tr><td>२</td><td>१३</td><td>१</td><td>-</td></tr>
<tr><td>३</td><td>१</td><td>१८</td><td>-</td></tr>
<tr><td>४</td><td>१</td><td>२</td><td>-</td></tr>
<tr><td>५</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>६</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>७</td><td>१३</td><td>१</td><td>०</td></tr>
<tr><td>८</td><td>४</td><td>४</td><td>२</td></tr>
<tr><td>९</td><td>-</td><td>३</td><td>१</td></tr>
<tr><td>जम्मा</td><td>५०</td><td>१८</td><td>९</td></tr>
</table>
वार्ड नं. ३ वाहेक अन्य वार्डवाट ५० जना लाभग्राही संग सम्झौता गरी कार्य अगाडी वढाउने गरी समितिवाट निर्णय भएकोमा प्राप्त रु.१३ लाख मध्ये पालिकाले प्रतिपरिवार कन्टिजेन्सी कट्टा गरी रु.४८ हजारको दरले रु. ४ लाख ३२ हजार खर्च गरेको छ ।</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि,२०७६ अनुसार स्थलगत रुपमा निरीक्षण गरी तोकिएका सूचकको आधारमा छनौट गरेको मध्ये १८ प्रतिशत (९ जना) ले मात्र सम्झौता गरी तोकीएको प्रकृयाको आधारमा भुक्तानी लिएकोले, लाभग्राही छनौटको आधार प्रभावकारी भएको पाईएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td></td><td></td><td>बिल भर्पाईः- बालविवाह अन्त्यका लागी समुदाय परीचालन कार्यक्रम संचालन गर्दा दुर्गा घिमिरेको पेश्की फछ्यौंट गरी बाकी रकम भुक्तानी समेत रु.११७२०० खर्च भएकोमा संलग्न भर्पाई अनुसार अन्तरक्रिया कार्यक्रममा सहभागीका लागी भौ.न. ९ र मिति ०७९।२।१७ मा यातायात खर्च वापत प्रति व्याक्ति २०० का दरले १० जनाले रु.२००० बुझेको भर्पाई पेश नभएको रु.</td><td>२,०००</td></tr>
<tr><td>२१.</td><td></td><td></td><td>न्युनतम सेवा मापदण्डः- न्यूनतम सेवा मापदण्डको लागी देहायका २ स्वास्थ्य संस्थाहरु लाई प्रति संस्था ५० हजारको दरले रु.१००००० शसर्त अनुदान निकासा दिएकोमा निर्देशिका वमोजिम उक्त संस्थामा दिएको रकमको स्थानीय तहले स्वास्थ्य संस्थाको अनुगमन गरी उक्त रकमवाट न्यूनतम सेवा मापदण्डको लागी खर्च भएको सुनिश्चत गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>स्वास्थ्य संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>प्राथामिक स्वास्थ्य केन्द्र, भिमफेदी</td><td>५००००</td></tr>
<tr><td>२</td><td>निबुवाटार स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०००००</td></tr>
</table></td><td>१००,०००</td></tr>
<tr><td>२२.</td><td></td><td></td><td>राजश्वः- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १८ करोड ७२ लाख ८९ हजार आम्दानी गरेको देखिन्छ ।
<table>
<tr><td>राजश्व उपशिर्षक</td><td>प्राप्ती</td></tr>
<tr><td>११३१३ एकीकृत सम्पती कर</td><td>३२७०४०.</td></tr>
<tr><td>११३१४ भुमिकर/मालपोत</td><td>१८८३०४९.६३</td></tr>
<tr><td>११३१५ घरजग्गा रजिष्टेशन दस्तुर</td><td>०</td></tr>
<tr><td>११३२१ घरवहाल कर</td><td>३९७३३६.०८</td></tr>
</table></td><td></td></tr>
</table>

| | |
|---|---|
| ११३२२ वहाल विटौरी कर | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५५३४९३५१.९७ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १७३९३६८१.८९ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३६३८६०. |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ११४५३८३७.४९ |
| ११४७९ अन्य मनोरञ्जन कर | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ४५,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०७४००. |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ६५६५००. |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ८२८५५०. |
| १४२४३ सिफारिश दस्तुर | १९९०५३१.२४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३३२४००. |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १३००००. |
| १४२६५ अन्य क्षेत्रको आय | १२२९१४५३.१४ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ११८६०४३. |
| १४५२९ अन्य राजस्व | ८२३३३१६४.९३ |
| जम्मा | १८७२६९१९९.३७ |

पालिकाले विभिन्न शिर्षकमा मध्ये ४ वटा शिर्षकमा राजश्व संकलन भएको देखिदैन । पालिकाले यस सम्वन्धमा अध्ययन गरी राजश्वका दायरा पहिचान गरी विस्तार गरिनुपर्दछ । आन्तरिक आयका सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) व्यवसाय करः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा व्यवसाय करबापत केवल ४५ हजारमात्र रकम प्राप्त गरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

ख) घर जग्गा बहाल करः स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर १८ लाख ८३ हजार कर असुल गरेको छ ।उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन साथै पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

ग) राजश्व अभिलेखः नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ कम्पुमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

घ) राजश्व परामर्श समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण

सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

२३. **अधुरो कार्यः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ९७(१०) अनुसार उपभोक्ता समितिले लिएको काम आफैले गर्नुपर्ने व्यवस्था छ । तर गाँउपालिका पूँजीगत तर्फ गर्न नसक्ने भएमा सम्झौता तोडी बाँकी काम नियमानुसार सम्पन्न गर्नुपर्ने व्यवस्था छ, तर देहायको कार्यक्रममा कार्य सम्पन्न नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोले सम्पादीत कामको सुनिश्चितता भएको नदेखिदा कार्यसम्पन्न हुनसक्ने कार्य मात्र उ.स. संग सम्झौता गरी कार्यान्वयन गर्नुपर्दछ । केही उदाहरणहरुः-

| भौ.न. र मिति | उ.स. नाम | सम्झौता रकम | भुक्तानी रकम | कार्य |
|---|---|---|---|---|
| ३७१।३।२३ | वलटोल किसेडी गुम्वा निर्माण उ.स. | ९००००० | २४०२३६ | मेशीनवाट सडक खन्ने |
| ३७२।३।२३ | पुरानो किसेडी सडक स्तरोन्नती उ.स. | १०००००० | ३५९६३० | आङ्शिक |
| ३८३।३।२३ | चुनिया खानेपानी निर्माण उस | २०००००० | ११३९०७५ | आङ्शिक |
| ३९९।३।२४ | उर्गेन घ्योइडुल गुम्वा उ.स. | ११००००० | ४३०४१९ | आङ्शिक |

२४. **लोकेशन नखुलेकोः-** प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम अन्तर्गत सालवसाली कार्यक्रमहरु उपभोक्ता समिति बाट कार्यसम्पादन गर्दा सम्झौता गरी सो बमोजिम कार्य मूल्याङ्कनको आधारमा भुक्तानी दिएको छ, तर सम्पादीत कार्यको स्थान किटान गरेको नदेखिदा निर्माण कार्य गर्दा सम्पादीत स्थानको लोकेशन खुलाई विल उठान नगरेकोले निर्माण कार्यको सम्बन्धमा सुनिश्चितता नभएकोले, तोकीएको ढाँचामा स्थान वा चेनेज खुलाउनु पर्दछ । त्यस्ता केही उदाहरणहरु निम्नानुसार छन ।

| **भौ.न./मिति** | **कार्यक्रम** | **उ.स.को नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ११।०७८।१०।१२ | अम्लिङ वसन्ते बाह्रविसे कृषि सडक निर्माण | अम्लिङ वसन्ते बाह्रविसे कृषि सडक निर्माण उ.स. | १९४०००० |
| १२।०७८।१०।२३ | सिमलबोट सानो गुण्डिङ्ग कृषि सडक, भिमफेदी | सिमलबोट सानो गुण्डिङ्ग कृषि सडक निर्माण उ.स. | १९१२२१३ |
| | जम्मा | | ३८५२२१३ |

२५. **पन्ध्र शैयाको प्राथामिक अस्पताल निर्माणः-** एकिकृत पूर्वाधार विकास कार्यक्रम अन्तर्गत मिति २०७८।११।१६ मा पालिका र

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण व्यवसायी रविना/ नव सिर्जनशिल जे.भि. विच ठेक्का नं. BR mmk/NCB/CPCH/07/078/79 मा पन्ध्र शैयाको प्राथमिक अस्पताल निर्माण (पृथ्वी चन्द्र अस्पताल) गर्नका लागी रु.१२६१९२७५७.३६ (भ्याट र पि.एस. समेत ) मा मिति ०८१।११।१५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् । आधारभुत अस्पताल भवन निर्माण सम्वन्धी निर्देशिका, २०७७ बमोजिम लागत अनुमान रु.१८०६८२००० को कायम गर्नेगरी उल्लेख भएकोमा पालिकाको ०७८।६।२० को निर्णय अनुसार रु.१९२१९५१२.८५ बढी हुने गरी रु.१९९९२१५१२.८५ को लागत अनुमान स्वीकृत गरेको छ । पालिकाले निर्माण व्यवसायी रविना/ नवश्रृजनशील जे.भि. लाई पेश्की वापत रु.२२११०००० उपलव्ध गराएकोमा उक्त पेश्की प्रथम रनिङ्ग विल भुक्तानी हुँदा कट्टा नगरेको र अस्पताल तथा आवास स्वीकृत मापदण्ड विपरीत फरक फरक ठाँउमा निर्माण भै रहेकोले नियमानुसार पेश्की फछ्र्यौट गरी गुणस्तर कायम गरी समयमै कार्यसम्पन्न गर्नुपर्दछ । | |
| २६. | | | **बावु/आमा विहीन वालवालिकाः-** बावु आमा विहीन वालवालिका संरक्षण कार्यक्रम अन्तर्गत लक्षित समुहका वालवालिकाको खातामा जम्मा गरीएको सुनिश्चित हुनुपर्नेमा निर्मला दाहालले लिएको पेश्की रु.२९९७३० फछ्र्यौट गर्दा निम्नानुसारका वार्ड सचिव लाई रकम उपलब्ध गराई निजहरुले संरक्षक लाई वुझाएको भर्पाईको आकारमा फछ्र्यौट गरेकोले लक्षित वर्गले रकम प्राप्त गरेको सुनिश्चित नभएको रु. | २९९,७३० |
| २७. | | | **समन्वय नभएकोः-** प्रदेश पूर्वाधार,स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थपना कार्यहरु अन्तर्गत देहायका विद्यालयको लागी निम्नानुसारको कार्यक्रम वापत भुक्तानी दिएकोमा सम्झौता बमोजिमको कार्यसम्पन्न नभै अधुरो रुपमा कार्यसम्पन्न गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको पाईयो । तर पालिका स्तरीय आन्तरीक श्रोतवाट समेत बजेट व्यवस्था भैसकेकोमा पुनः प्रदेशको वजेटवाट कार्यक्रम कार्यान्यिन हुँदा, कार्यक्रममा समन्वय भएको नदेखिदा समयमै कार्यसम्पन्न गर्ने गरी रकम समन्वय मार्फत बिनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ । | |

| भौ.न. र मिति | विद्यालय | काम | सम्झौता | कार्यसम्पन्न | पालिकाको आन्तरीक स्रोत |
|---|---|---|---|---|---|
| १।०७९।३।२१ | श्री जलेश्वर प्रा.बि.-५ | गेट सहित घेरावार निर्माण | १०७८१८१ | ३९४८२९.१४ | ३००००० |
| १।०७९।३।२१ | श्री वाराही आधारभुत विद्यालय-५ | कम्पाउण्ड वाल निर्माण | १०८४२७७.९१ | ७८८५११.८४ | वार्ड स्तरीय कार्यहरु १ लाख |
| ३।०७९।३।२४ | श्री दिपक आधारभुत विद्यालय-१ | घेरावार तथा खानेपानी | १०७८४६६८ | १०४६३९८ | वार्डस्तरीय ४ लाख |

| | | | | |
|---|---|---|---|---|
| २८. | | | **दहत्तर वहत्तरः-** मिति २०७८ साल माघ २० गते भिमफेदी गाँउपालिकाको स्थानीय राजश्व समितिको निर्णय नं. २ मा पालिकाको वार्ड नं.-२ मा पालिकाको वार्ड नं.३ स्थित रहेको सारमसा बालुवा उद्योग चालु आ.व. देखि संचालनमा आएको भन्ने सुनिन आएकोले उक्त उद्योगको स्थलगत अनुगमन तथा त्यहाँ रहेको नदीजन्य पदार्थको मौज्दात नापजाँच गर्न गाँउपालिकाको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरेको छ । त्यसैगरी अनुगमन तथा छानविनका क्रममा उक्त उद्योगसंग श्रोत नखुलेको (ओभरस्टक) पाईएमा सो को कारवाही निर्णय नं.-१ अनुसार स्थानीय तहले जफत गरी सो को जानकारी नदीजन्य पदार्थको जिल्ला अनुगमन समिति लाई गराउन सिफारिस गर्ने निर्णय गरी पालिकावाट २०७८।१०।२३ मा नदीजन्य पदार्थको स्थलगत मौज्दात मापन (stock) प्रमाणित नापजाँच मुचुल्का अनुसार उक्त उद्योग संग १४३३.८४ घनमिटर (३५.२८*१४३३.८४= ५०५८५.८७) घनफिट रहेको प्रतिवेदन दिएको छ । वाग्मती प्रदेशको आर्थिक ऐन,२०७९ को अनुसूची ५ बमोजिम प्रति घन फिट रु.९ रुपैया शुल्कले ५०५८५.८७ को हुने रु.४५५२७३ र सोही ऐनको अनुसूची ७ को सि.न. १६ अनुसार जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद विक्रि परीमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो बरावरको परीमाणका रु.२१ रुपैया ६६ पैसा प्रति घनफिट जरीवाना लिने गरी मिति ०७९।३।२१ को राजपत्रमा उल्लेख भएवमोजिम हुने रु.१०९५६९० समेत हुने रु.१५५०९६३ र त्यसको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.२०१६२५ समेत जम्मा रु.१७५२५८८ उक्त उद्योग संग असुल गर्नुपर्ने रु. | १,७५२,५८८ |
| २९. | | | **भत्ताः-** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्वन्धि आधारभुत सिद्धान्त तथा मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन सञ्चालन, व्यवस्थापन सेवाको सुविधा तथा अन्य व्यवस्था स्थानीय तहले वनाएको कानून वमोजिम हुने व्यवस्था रहेको छ भने दफा ५३ मा स्थानीय निकायले खर्च गर्दा मितव्ययिता कायम गरी खर्च गर्नु उल्लेख गरेको छ । गाँउ पालिकाले स्थायी कर्मचारीहरुको हकमा कानून बनाई सुरु तलव स्केलको ३० प्रतिशत देखि ६० प्रतिशत सम्म हुने गरी प्रोत्साहन भत्ता वितरण गर्ने निर्णय गरी यस बर्ष रु.३०००००० भत्ता वितरण गरेको छ । पालिकाले दिर्घकालिन असर पार्ने विषय भत्ता वितरण गर्दा आन्तरिक आयलाई समेत मध्यनजर गर्दै आगामि दिनमा कार्यविधि तयार गरी मापदण्ड बमोजिम भत्ता वितरण गर्नुपर्दछ । | |
| ३०. | | | **दोहोरो सुविधाः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा नियमानुसार खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका प्राविधिक कर्मचारीहरुलाई मासिक रुपमा फिल्ड भत्ता प्रदान गरेको अवस्थामा भ्रमण भत्ता बापतको रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले प्राविधिक कर्मचारीलाई एकै कामको लागि एकै प्रकृति दोहोरो किसिमको भत्ता भुक्तानी भएको हुदा दोहोरो भत्ता बापत न्यून भत्ता असुल गरी दाखिला | ३६,००० |

<table>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्ने रु
<table>
<tr><th>भौ.न. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६२०।०७९।०३।२४</td><td>श्री अनिसा खड्का</td><td>६०००</td></tr>
